Cooperative Build a Better World #EnergizedToServe #NCBL

## कोशी प्रदेश रजिष्ट्रारद्वारा मिति २०८३।०४।१२ मा जारी विशेष निर्देशन सम्बन्धी

# परामर्श कार्यक्रम

Meeting ID: 971 2101 0554
Passcode: ncbl

zoom

मिति : २०८३ भाद्र ८ गते सोमबार
समय : दिउँसो २:०० बजेदेखि

राष्ट्रिय सहकारी बैंक लिमिटेड
National Co-operative Bank Limited (NCBL)


नमस्कार
९८६०९२२७१६
manoj.Lamichhane@ncbl.coop
fb.com/lnmanoj9841107569
मनोज लामिछाने
सहायक अधिकृत, राष्ट्रिय सहकारी बैंक लि.
सदस्य सेवा महाशाखा

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

सहकारीका मूल्य, मान्यता र सिद्धान्तअनुरुप सहकारी संघ/संस्थाको काम कारवाहीलाई जिम्मेवार, इमानदार, अनुशासित, पारदर्शी एवं विधिसम्मत तरिकाले संचालन एवं व्यवस्थापन गरी सहकारी संघ/संस्थामा सुशासन कायम गर्न तथा प्रभावकारी व्यवस्थापनका लागि प्रदेश सहकारी ऐन, २०७६ को दफा १३१ बमोजिम सहकारी संघ/संस्थाको लागि जारी निर्देशन

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१. सहकारी संघ/संस्थाहरूले आ.व. २०८२/०८३ को कारोबारको लेखा परीक्षणका लागि साधारणसभाले स्वीकृत गरेको लेखापरीक्षक नियुक्त गरी प्रदेश सहकारी ऐनको दफा ६३(३) बमोजिम नियुक्तिको जानकारी पठाउने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१. सहकारी संस्थाको लेखाङ्कन नेपाल लेखामान बोर्डले निर्धारण गरेको ढाँचामा राखी सोको लेखापरीक्षण सहकारी विभागबाट जारी सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ ले तोकेको प्रक्रिया अनुसार गर्ने गराउने ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१. संस्थाको वित्तीय विवरणका अलावा नियामक निकायमा पेश गर्ने लामो फारम प्रतिवेदन (Long form Report) र जोखिमावस्था मूल्याङ्कन फारम (कार्यालयको वेबसाइटबाट डाउनलोड गरी लिन सकिने) अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउने

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१. सहकारी संघ/संस्था सञ्चालन, अनुगमन तथा लेखा परीक्षण सम्बन्धी मापदण्ड, २०७८ मा तोकिएको सीमा भन्दा माथि सम्पत्ति तथा दायित्व भएका संस्थाहरूको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन नियामक निकायमा पठाउने व्यवस्था मिलाउने

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२. सहकारी संघ/संस्थाहरूले लेखा परीक्षण गराउने कार्य समयमै सम्पन्न गरी साधारणसभामा छलफल हुने विषय, कार्यक्रम लगायत निर्वाचन वा रिक्त पदमा उप-निर्वाचन सम्बन्धी कार्यक्रम भए सो कार्यक्रम तालिकासमेत राखी ३० दिन अगावै सदस्यहरूलाई जानकारी गराउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२. तोकिएको समयभित्र साधारणसभा सम्पन्न गरी ३० दिनभित्र प्रदेश सहकारी ऐन २०७६ को दफा ६० (१) बमोजिमका कागजातहरू समेत संलग्न राखी वार्षिक प्रतिवेदन बुझाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. सहकारी संघ/संस्थाहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र साधारणसभा गरिसक्नुपर्ने तथा ऐनको दफा २१ (३) बमोजिम माघ १५ गतेभित्र आफ्नो विवरण अद्यावधिक गर्नुपर्नेछ

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. संस्थाहरूले साधारणसभा सञ्चालन गर्दा तडकभडकपूर्ण उद्घाटनसत्र नगरी सोझै बन्दसत्रमा प्रवेश गर्ने एवं सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्दा सहकारी संस्थाको साधारणसभा (कार्य व्यवस्था) निर्देशिका, २०७६ ले तोकेको प्रक्रिया पूरा गर्ने र निर्वाचित पदाधिकारीको तिनपुस्ते विवरण तथा सम्पत्ति विवरण पेश गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. निर्वाचित सञ्चालकहरु तथा सञ्चालकद्वारा नियुक्त कर्मचारीले आफ्नो कार्यकालमा सिर्जना भएका दायित्व फरफारक गर्ने जिम्मासेत उनीहरुकै हुने भएकाले दायित्व फरफारक नगर्ने मनसायले राजीनामा दिने, जिम्मेवारी पन्छाउने खालका कार्य गर्न पाइनेछैन ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

३. कुनै कारणबाट संस्थाको जिम्मेवारीबाट अलग भएपनि उक्त समयमा सिर्जना भएको दायित्व वहन गर्ने जिम्मा तत्कालीन सञ्चालक समितिका पदाधिकारी वा कर्मचारीको हुने भएकाले जिम्मेवारीपूर्वक कार्यसञ्चालन गर्ने, गराउने ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

४. अनुगमनको क्रममा कतिपय सहकारी संघ/संस्थाले कर्जा जोखिम कोषमा पर्याप्त रकम जम्मा नगरी खुद बचत बाँडफाँट गरेको पाइएको हुँदा यस आ.व. को लेखापरीक्षण हुँदा नियमानुसार कर्जा जोखिम कोषमा पर्याप्त रकम छुट्याएर मात्र खुद बचत बाँडफाँट गर्ने व्यवस्था मिलाउने,

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

४. भाखा नाघेको ऋण असुलीको लागि प्रदेश सहकारी ऐन, २०७६ को दफा ६६ र प्रदेश सहकारी नियमावली, २०७६ को नियम २२, २३, २४, २५ का विधि र प्रक्रियाहरु अपनाई असुल उपर गर्ने कार्ययोजना तयार गरी ऋण असुलीलाई प्रभावकारी बनाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

५. प्रचलित कानुनमा तोकिएको सीमा भन्दा बढी ऋण लगानी गरेमा, ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा, एक पटक दिएको सुरक्षण रीतपूर्वक फुकुवा नभई ऋण दिएमा, धितोको अवास्तविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिए वा दिएको कसुर गरेको मानिने हुँदा प्रदेश सहकारी ऐन, २०७६ को दफा ८५ मा उल्लेख भए बमोजिमका अन्य कसुरजन्य कार्य नगर्ने, नगराउने विना धितो, पर्याप्त सुरक्षण नराखी ऋण लगानी नगर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

६. प्रदेश सहकारी ऐनको दफा ४७ (२) मा विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए ती संस्थाले ३ वर्षभित्रमा त्यस्तो कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने व्यवस्था मिलाउने भन्ने व्यवस्थालाई पालना गर्न आगामी बजेट तथा कार्यक्रम निर्माण गर्दा सो अनुरुप हुने गरी साधारणसभामार्फत व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्धारा जारी विशेष निर्देशन

७. प्रदेश सहकारी ऐन, २०७६ को दफा ६३ (४) बमोजिम "लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षक दफा ६४ (३) बमोजिम अयोग्य भएमा वा निजको मृत्यु वा अन्य कारणले लेखा परीक्षण गर्न सम्भव नभएको कुरा पुष्टि हुने आधार र कारण खोली आगामी साधारणसभाबाट अनुमोदन गरिने, सञ्चालक समितिले रोष्टरमा भएका नामावलीको क्रमका आधारमा अर्को लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न गराउन सक्नेछ ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

७. त्यसरी लेखा परीक्षण गराएको जानकारी रजिष्ट्रार कार्यालयलाई दिनु पर्नेछ।" भन्ने व्यवस्था भएकाले लेखा परीक्षक नियुक्तिका लागि साधारणसभामा प्रस्ताव लैजाँदा रोष्टर तयार गरी लैजाने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

८. संस्थाको साधारणसभाले निर्धारण गरेको बजेटको सीमाभित्र रही खर्च गर्ने, अनावश्यक र देखावटीपूर्ण खर्च नगर्ने, साथै सदस्यको क्षमता विकास गर्न सदस्य केन्द्रित सदस्य शिक्षा, वित्तीय साक्षरता, विस्तारित मञ्चका कार्यक्रमहरु बजेट, कार्यक्रम र कार्ययोजना तयार गरी सञ्चालन गर्ने, गराउने ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

९. COPOMIS मा संस्थाको मासिक तथा वार्षिक कारोबारको विवरण, निर्वाचन सम्बन्धी विवरण, सदस्यको विवरण, साधारणसभाको प्रतिवेदन, सम्पत्ति शुद्धीकरण सम्बन्धी विवरण, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको मासिक बैठक तथा ऋण लिएको विवरण लगायतका विवरणहरू नियमितरूपमा अद्यावधिक गर्ने व्यवस्था मिलाउँदै कानुनले तोके अनुसारको दोहोरो सदस्यता अन्त्य गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१०. सहकारीको मूल्य, मान्यता र सिद्धान्त परिपालना गरी संस्था सञ्चालन गर्नु पर्दछ । साथै सहकारी संस्थाले सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था प्रदेश सहकारी ऐन, २०७६ को दफा ११५ मा उल्लेख भएबमोजिम सामाजिक परीक्षण गर्ने मूल्याङ्कनका आधारहरू तथा सहकारी सिद्धान्त पालना चेक सूचीसमेत जारी भएको सन्दर्भमा (pcrcto.p1.gov.np मा राखिएको) सहकारी संघ/संस्थाले यसको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्धारा जारी विशेष निर्देशन

११. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशोधन सहित) मा भएका व्यवस्था अनुसार STR/TTR/SAR प्रतिवेदन वित्तीय जानकारी इकाई (FIU) को goAML मा आवद्ध भई विवरणहरू पठाउने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१२. सहकारी संघ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०७८ बमोजिम वित्तीय कारोबार गर्ने संघ/संस्थाहरूले PEARLS Monitoring System लाई पालना गरी संस्थाको वित्तीय संरचनालाई PEARLS का मानकले तोकेको सूचक भित्र राख्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१२. साथै संस्थाको समग्र व्यवस्थापकीय पक्षको अनुगमन (MoLMAC - Mobilization of Saving and Credit, Legal Obligations, Management, Accountability and Transparency, Cooperation with Stakeholders) र सदस्य केन्द्रियता सूचकाङ्क (MCI) का सूचकहरूको पूर्ण परिपालना गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१३. सहकारी संघ/संस्थाहरूले तरलता (Liquidity) कम्तीमा कुल बचतको १५% कायम राख्ने र सोभन्दा कम भए व्यवस्थापकले सञ्चालक समितिलाई जानकारी गराउने । तरलता व्यवस्थापनमा सञ्चालक समिति जिम्मेवार रहने । साथै सहकारी संघ/संस्थाहरुले मासिकरुपमा तरलताको गणना गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१४. सहकारी संघ/संस्थाहरू एवं सहकारी बैंकले ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोतसाधनहरूको प्रभावकारी परिचालन, व्यवसायिकताको विकास, वातावरण संरक्षण, रोजगारी सिर्जना आदिमार्फत गरिबी न्यूनीकरणतर्फ उच्च प्राथमिकता दिनुपर्ने । संस्थाको स्वीकृत विनियमको उद्देश्य र कार्य विपरीत व्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पत्ति खरिद नगर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१५. सहकारी संघ/संस्थाहरू समाजको आवश्यकताका आधारमा सदस्यहरूबाट सङ्कलित शेयर र बचत सदस्यलाई स्वावलम्बी बनाउन तिनै सदस्यलाई ऋण दिने हुनाले सो ऋण फिर्ता नगरी सदस्यको बचत फिर्ता गर्न सकिँदैन ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१५. स्वयं ऋणी कालोसूचीमा पर्ने, कालोसूचीमा परेका व्यक्तिहरूले अन्य वित्तीय संस्थाहरूमा कारोबार गर्न नपाउने, अन्य सामाजिक कारोबारमा समेत सहभागी हुन नपाउने व्यवस्था हुने भएकाले हाल सहकारीको बारेमा चलेका अनर्गल हल्लाका पछि कुनै सदस्यहरू नलाग्ने ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१६. सहकारी संघ/संस्थाले कसैलाई कमिसन एजेन्ट राखी वा कसैलाई कमिसनवापत कुनै पारितोषिक दिएर शेयर, बचत र कुनै प्रकारको रकम सङ्कलन नगराउने र सदस्य आफै संस्थामा गई मासिक बचत, शेयर वा किस्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१७. सहकारी संघ/संस्थाहरूले एक सदस्यलाई आफ्नो प्राथमिक पूँजीकोषको अधिकतम १५% भन्दा बढी ऋण प्रवाह नगर्ने तथा एक सदस्यबाट प्राथमिक पूँजीकोषको १०% भन्दा बढी बचत स्वीकार नगर्ने, ऋणमा सन्दर्भ ब्याजदरले तोकेको सीमा भित्र मात्रै ब्याज र अधिकतम १% मात्रै सेवा शुल्क लिने, आवधिक बचत बढीमा ३ वर्षसम्मको मात्र स्वीकार गर्ने, सदस्य केन्द्रित कारोबार मात्रै गर्ने,

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१७. एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको १५% भन्दा बढी हुनेगरी वितरण गर्न नहुने, आफ्नो कार्यक्षेत्रभित्र मात्रै कारोबार गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१८. सहकारी नियमावली, २०७५ को नियम ८१ (१) बमोजिम सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने व्यवस्था अनुसार सहकारी संस्थाको दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१८. मनोनित हुन सक्ने छैन भन्ने व्यवस्था रहेको हुँदा संघ/संस्थामा सोबमोजिम पदाधिकारी भए उक्त पद रिक्त मानी निर्वाचन/उपनिर्वाचनको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१९. सहकारी संघ/संस्थाका सञ्चालक तथा कर्मचारीले संस्थाको सम्पत्तिको अपचलन तथा निजी प्रयोजनमा मनोमानी लगानी गरेको पाइएमा त्यस्ता सञ्चालक तथा कर्मचारीको घरघरानाबाट सरकारी बाँकी सरह त्यस्ता रकमहरू असुल उपर गर्ने प्रदेश सहकारी ऐन, २०७६ को दफा ८५ मा भएका कसुरहरूको सम्बन्धमा दफा ८७ बमोजिम सजायको व्यवस्था भएकाले त्यस्ता सञ्चालक वा कर्मचारी रहेको कुनै जानकारी पाइएमा सम्बन्धित

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

१९. निकाय तथा प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवामा कारबाहीका लागि निवेदन दिने व्यवस्था मिलाउने ।

२०. नियामक निकायबाट स्वीकृति नलिई सेवा केन्द्र सञ्चालन गरेको भए तथा स्वीकृति लिएर पनि हालसम्म सेवा केन्द्र सञ्चालनमा नरहेको भए यथाशीघ्र बन्द गरी जानकारी पठाउने ।

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२१. सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सहकारी संघ/संस्थालाई विभिन्न समयमा जारी गरिएको निर्देशनको पालना गर्ने गराउने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२२. यस कार्यालयको नियमन क्षेत्राधिकारभित्रका सहकारी संघ/संस्थालाई लागू हुने जरिवानाको दर यसै सूचनाबाट सबैको जानकारीका लागि प्रकाशित गरिएको हुनाले सकेसम्म जरिवाना तिर्नुपर्ने अवस्थामा नपुगाउने र कारणवश कुनै पनि प्रकारको जरिवाना तिर्नु परेमा कस्को कारण संस्थाले जरिवाना तिर्नु अवस्थामा पुगेको हो उसैबाट असुल उपर गर्ने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२३. सहकारी संघ/संस्थाले कारोबारको लेखा राख्दा यस कार्यालयले सूचीकृत गरेका सफ्टवेयरहरू मात्र प्रयोग गर्ने व्यवस्था मिलाउने । सूचीकृत सफ्टवेयरहरू डेस्कटपमा आधारित भए यथाशीघ्र क्लाउडमा आधारित भई राख्ने व्यवस्था मिलाउने ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

२४. मिति २०८३/०४/१२ मा रजिष्ट्रारको अध्यक्षतामा बसेको कार्यालयको बैठकबाट प्रदेश सहकारी ऐन, २०७६ को दफा ८८ अनुसार तपसिलबमोजिम जरिवाना गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराईन्छ । तपसिलमा उल्लिखित विषयबाहेक दफा ८८ बमोजिमका अन्य विषयमा तत्काल रजिष्ट्रारले तोके बमोजिम जरिवाना हुनेछ ।

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th colspan="2">जरिवाना</th></tr>
<tr><td>१</td><td>ऐनको दफा २१ (३) बमोजिम प्रत्येक वर्षको माघ १५ भित्र विवरण अद्यावधिक नगरेमा</td><td colspan="2">बचत तथा ऋण सहकारी संस्थाको हकमा प्रत्येक वर्षको लागि रु. १५००।–<br>र अन्य विषयगत सहकारी संघ/संस्थाका लागि रु. ५००।– (ऐनको व्यवस्थाअनुसार)</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">ऐनको दफा ३६ (२) बमोजिम छ महिना भित्र साधारण सभा नगरेमा</td><td colspan="2">संस्थाको पछिल्लो वासलातको आधारमा (प्रत्येक वर्षको लागि):</td></tr>
<tr><td>५० लाख सम्म रु. ५००/-<br>५० लाख देखि १ करोड सम्म रु. १०००/-<br>१ करोड देखि २.५० करोड सम्म रु. १५००/-</td><td>२.५० करोड देखि ५ करोड सम्म रु. २०००/-<br>५ करोड देखि १० करोड सम्म रु. ३०००/-<br>१० करोड देखि १ अर्ब सम्म रु. ५०००/-<br>१ अर्ब माथि रु. १००००/-</td></tr>
<tr><td>३</td><td>ऐनको दफा ६० (१) बमोजिमको प्रतिवेदन साधारण सभा भएको ३० दिन भित्र नियामक निकायमा पेश नगरेमा</td><td colspan="2">रु. २००।– (दुई सय)</td></tr>
</table>

Cooperative Build a Better World #EnergizedToServe #NCBL

# कोशी प्रदेश रजिष्ट्रारद्वारा जारी विशेष निर्देशन

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th colspan="2">जरिवाना</th></tr>
<tr><td>४</td><td>ऐनको दफा ६३ (३) बमोजिम लेखा परीक्षक नियुक्तिको जानकारी नपठाएमा</td><td colspan="2">रु. ५००।– (पाँच सय)</td></tr>
<tr><td>५</td><td>ऐनको दफा ६३ (४) बमोजिम नियम विपरीत लेखा परीक्षक परिवर्तन गरेमा</td><td colspan="2">रु. ५०००।– (पाँच हजार)</td></tr>
<tr><td>६</td><td>ऐनको दफा ६२ (१) लेखा परीक्षण असोज मसान्त भित्र नगरेमा</td><td colspan="2">रु. १०००।– (एक हजार)</td></tr>
<tr><td rowspan="2">७</td><td rowspan="2">कोपोमिसबाट मासिक विवरण नपठाएकोमा</td><td colspan="2">संघ/संस्थाको पछिल्लो वासलातको आधारमा प्रति महिना:</td></tr>
<tr><td>५० लाख सम्म रु. १०/-<br>५० लाख देखि १ करोड सम्म रु. २०/-<br>१ करोड देखि २.५० करोड सम्म रु. १००/-</td><td>२.५० करोड देखि ५ करोड सम्म रु. २००/-<br>५ करोड देखि १० करोड सम्म रु. ४००/-<br>१० करोड देखि १ अर्ब सम्म रु. १०००/-<br>१ अर्ब माथि रु. २०००/-</td></tr>
</table>

# हजुरहरुको अपेक्षा पुरा भयो त ?

# खुला छलफल

# धन्यवाद !

# फेरी भेटौंला !